# श्री प्राथमिक विद्यालय अर्नेडाँडा

लालबन्दी नगरपालिका- १५ परवानीपुर,सर्लाही

स्थापना : २०४७

पत्र संख्या :-२०८३।०८४
चलानी नम्बर :- ०२

मिति :- २०८३।०४।१८

**श्री सम्बन्धित सबै ।**

**विषय : सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्बन्धमा।**

प्रस्तुत विषयमा लालबन्दी नगरपालिका कार्यालयको पत्र सं.२०८३।०८४को च.नं. १३४ मिति २०८३।०४।१५ गतेको शिक्षक सरुवा सम्बन्धि अनुमति पत्रका साथै मिति २०८३।०४।१८गते वि.व्य.स.बैठक निणर्य अनुसार यस श्री प्राथमिक विद्यालय अर्नेडाँडा लालबन्दी नगरपालिका-१५,परवानीपुर,सर्लाहीमा प्राथमिक तहको १ ( एक ) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली २०५९ (दशौँ संशोधन, २०८३) को सरुवा सम्बन्धि व्यवस्था बमोजिम उक्त दरबन्दी शिक्षक सरुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले प्राथमिक तह स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८३।०५।०१ गतेसम्म ) भित्र सरुवा सहमतिका लागि कार्यालय समयमा दरखास्त आह्वान गरिएको छ।

**पेश गर्नु पर्ने कागजातहरु** :

१. सरुवाका लागि निवेदन ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४. स्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
७.असाधारण तथा बेतलबी विदा लिए,नलिएको सम्बन्धित कागजात।
८.विद्यालयको सहमति पत्र ।
९. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
१०. कार्यरत जिल्ला अन्तर जिल्ला भएमा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र ।
११. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौँ संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बोधार्थ** :
१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, सर्लाही जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
२. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, लालबन्दी नगरपालिका जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।

लालबन्दी नगरपालिका
दर्ता नं. :२९२
मिति : ०८३-०४-१८

सोम बहादुर गोले
प्रधानाध्यापक

विद्यालय ईमेल ठेगाना : **shreepraviarnedada@gmail.com**
सम्पर्क नं ९८६९६७७६२० /९८१७६२७८१९